



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२५

## सबैखाले भेदभाव हट्नुपर्छ –मुख्यमन्त्री गद्दी

प्रस, वीरगंज, ७ साउन/

मुख्यमन्त्री लालबाबूराउत गद्दीले समृद्ध समाज बनाउन विद्यमान सबैखाले भेदभाव हट्नुपर्ने बताएका छन् ।

जातीय, छुवाछूतजस्ता भेदभाव समाजमा अहिले पनि विद्यमान भएको र यसलाई सबैले मिलेर हटाउनुपर्ने सुझाव दिए ।

उनले छोरा र छोरीबीचको भेदभाव भेदभावविरुद्ध प्रदेश सरकारले कडा कारबाई गर्ने कानून बनाएको पनि जानकारी गराए ।

कक्षा ८ मा अध्ययनरत माईस्थान




माईस्थान विद्यापीठ, त्रिभुवन हनुमान मावि र कन्या माविमा साइकल वितरण गरिंदै । तस्वीरः नितेश कर्ण

वीरगंज महानगरको सुन्दरमल रामकुमार कन्या मावि, त्रिभुवन हनुमान मावि र माईस्थान विद्यापीठमा कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई साइकल वितरण तथा छात्रवृत्ति वितरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री गद्दीले प्रदेश नं २ सहित देशभर भेदभाव रहेकाले यसलाई हटाउनुपर्ने बताए । उनले विश्वका समृद्ध देशमा हाम्रो देशझैं भेदभाव नभएको दाबी गरे । उनले लैङ्गिक, झन् विकराल अवस्थामा रहेको बताए । छोरालाई राम्रो र महँगो शिक्षा दिने तर छोरीलाई सोही स्तरको शिक्षाबाट वञ्चित गराइएको आरोप लगाए । उनले प्रदेश सरकारले दलित सशक्तीकरणमा देशभरि फड्को मारेको दाबी गर्दै दलितहरूको लागि प्राविधिक शिक्षामा आर्थिक सहयोग गर्दै आएको र आगामी दिनमा निश्शुल्क बीमा गरिने बताए ।

उनले दलितमाथि हुने सबैखाले विद्यापीठका १२० जना, कन्या माविका ७२ जना र त्रिभुवन माविका ९८ जना छात्रालाई साइकल वितरण गरिएको थियो । कार्यक्रममा वडाध्यक्ष ध्रुव नेपाल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पूर्वअध्यक्ष गोपाल केडिया, जसपा पर्साका अध्यक्ष रामनरेश यादव, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्कालगायतको सहभागिता थियो ।

## पर्साबाट गाँजा/चरेसको तस्करी बढ्यो

प्रस, वीरगंज, ७ साउन/

निषेधाज्ञामा पनि पर्सा र चितवन विजयबस्ती, ओडार, गोपीबस्ती र शिकारीबास पुऱ्याइन्छ र त्यहाँबाट भारत

त्यस्तै, महादेवपोस्ट पर्सा राष्ट्रिय निकुञ्ज भएर मधुवन मथवल, सकुनिया,



२०७७ जेठ २८ गते एम्बुलेन्सबाट गाँजा ढुवानी गरेको आरोपमा पक्राउ परेका तीनजना । तस्वीरः फाइल/प्रतीक

जिल्लामा पर्ने राष्ट्रिय निकुञ्ज भएर तथा राष्ट्रिय वनबाट लागूऔषध गाँजा, चरेसको तस्करी जारी छ ।

निषेधाज्ञाको कारण सार्वजनिक सवारीसाधनको प्रयोग नभएको कारण अहिले जङ्गल क्षेत्रबाट गाँजा, चरेसको तस्करी बढेको छ । मकवानपुर र धादिङबाट तस्करहरूले मनहरी, लोथर भई जङ्गलको बाटो पर्सा जिल्लामा गाँजा ल्याउने र भारत लैजाने क्रम जारी छ ।

निकुञ्ज तथा राष्ट्रिय वनका तीनवटा स्थानबाट अहिले गाँजा, चरेस ढुवानी भइरहेको छ । पर्सा राष्ट्रिय निकुञ्ज भएर मनहरीबाट रामभौरीभाठा हुँदै लैजाने काम हुन्छ । यसैगरी, मनहरिबाट चितवनको माडी भएर चितवन राष्ट्रिय निकुञ्जको बाटो ठोरी पुऱ्याउने र त्यहाँबाट भारत पुऱ्याइन्छ ।

यसैगरी, मनहरीबाट रामभौरी आउने गाँजा, चरेस पटेर्वासुगौली, चारभैया पोस्ट, गढुवालाइन भएर सुवर्णपुर, वसन्तपुर, महादेवपट्टि लैजाने र त्यहाँबाट भारत लाने कार्य भइरहेको छ । यसैगरी, चारभैया, सोनवर्षा, गादी, चाफी, रामभौरी, खरहट्टि, रामपुर, धर्मपुर, देकुली, मलाही टोला, उत्तर सुगौली, भतौडा, गदियानी, पटेर्वा, बगडाडोभ, सत्राहवाघाट, भलुवाही खोला, निचुटा, देउरिया, अकुवा, देउरवाना, जगरनाथपुरलगायतका स्थानमा पुऱ्याउने कार्य भइरहेको छ ।

औराहा, मनवा, घटनी, बडेर्वा, हरपुर, बडनिहार, बिरुवागुठी पुऱ्याइन्छ ।

**भण्डारण हुने थलो**

जङ्गलको बाटो आएको गाँजा पर्सा जिल्लाको देउरिया, पटेर्वा, देकुली, सोनवर्षा, कञ्चनपुर, बैरियामा भण्डारण हुने गरेको छ । करीब १५/२० जना तस्करले मकवानपुर, धादिङमा उत्पादित गाँजा, चरेस जङ्गलको बाटो भएर भरियामार्फत भित्र्याउने गरेका छन् ।

**कुन बाटो भारत पस्छ ?**

पर्सा जिल्लाका विभिन्न स्थानमा भण्डारण गरिएका गाँजा, चरेस अमरपट्टि, प्रसौनीभाठा, अलौं, सबैठवा, पकाहामैनपुर, धोरे, मिर्जापुर, टिहुकी,

(बाँकी तेस्रो पातामा)

### गाँजासहित दुईजना नेपाली भारतमा पक्राउ

प्रस, सिम्रौनगढ, ७ साउन/

नेपालबाट भारततर्फ लगिरहेको गाँजासहित दुईजना नेपालीलाई भारतीय एसएसबीले पक्राउ गरेको छ । सिम्रौनगढ नगरपालिका–१ ननसगरा ढाटका नकछेद मुखिया र बलधुसवाका पुकार मुखियालाई ४१ किलो ५ सय ग्राम गाँजासहित पक्राउ गरिएको घोडासहनका राहुल कुमारले जानकारी गराए ।

बुधवार राति सिम्रौनगढबाट भारततर्फ सो परिमाणको गाँजा लगिरहेको अवस्थामा अथमोहन एसएसबीका जवानले पक्राउ गरी जितना थानामा बुझाएको छ ।

कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नारायणी अस्पतालमा सुविधा थपिंदै

प्रस, वीरगंज, ७ साउन/

नारायणी अस्पतालमा अक्सिजन र १५ शय्याको अब्जर्भेसन, ८ शय्याको कोभिड आइसियू, ५ शय्याको ननकोभिड

नारायणी अस्पतालको आकस्मिक कक्षको अहिले मुहार परिवर्तन भएको



नारायणी अस्पतालमा बिरामीहरू उपचार गराउँदै । तस्वीरः नितेश कर्ण

सक्सन पाइपलाइन विस्तार कार्य भएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले अक्सिजन प्लान्ट निर्माण कार्य अन्तिम चरणमा पुगेको र सोसँगै विभिन्न दाताको सहयोगमा अस्पतालका विभिन्न विभागमा अक्सिजन पाइपलाइनसँगै सक्सन पाइपलाइन पनि विस्तार गरिएको बताए ।

उनले ५०/५० शय्याको मेडिकल, सर्जिकल वार्डका साथै १७ शय्याको एचडियू, ८ शय्याको आकस्मिक कक्ष, आइसियूमा अक्सिजन र सक्सन पाइपलाइन जडान भएको बताए । उनले सत्यनारायण क्याल, नेपाल फर्मास्युटिकल्स (अमात्य ग्रुप), सूर्य नेपालको सहयोगमा अक्सिजन र सक्सन पाइपलाइन जडान भएको मेसु डा प्रधानले बताए । उनले २० शय्याको सघन बाल उपचार कक्षमा पनि सक्सन र अक्सिजन पाइपलाइन जडानको लागि दाताको खोजी भइरहेको र अविलम्ब जडान गर्ने बताए ।

**आकस्मिक कक्षको मुहार परिवर्तन**

छ । तत्काल ८ शय्याको आकस्मिक कक्षलाई व्यवस्थित पारिएको छ । सबै शय्या खुला अवस्थामा थिए अहिले त्यसलाई पर्दाले पार्टिसन गरिएको छ ।

यसैगरी, ८ वटै शय्यामा अक्सिजन र सक्सन पाइपको व्यवस्था गरिएको छ भने ८ वटा मोनिटर र एउटा भेन्टिलेटर पनि राखिएको छ । मेसु डा प्रधानले आकस्मिक कक्षमा दुईवटा बाल शय्या राख्ने तयारी भइरहेको बताए । उनले एक साताभित्र दुईवटा बाल शय्या राखिसक्ने बताए ।

## करोडौंको जस्तापाता घामपानीले बिग्रिंदै

प्रस, परवानीपुर, ७ साउन/

साल्ट ट्रेडिङ कर्पोरेशन केन्द्रीय राखेकै कारण दुईपटक टेन्डर आह्वान गर्दा पनि कसैले सकार गरेन । भारतको बन्डलमा न्यूनतम ३५६ थान जस्तापाता छन् ।



वीरगंजस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको यार्डमा थन्किएको जस्तापाता । तस्वीरः प्रतीक

कार्यालय काठमाडौंले आयात गरेको २५ करोड मूल्यबराबरको जस्तापाता वीरगंजमा नष्ट हुँदैछ । ६ वर्षअघि भूकम्पपीडितलाई वितरण गर्न भारतबाट आयात गरिएका जस्तापाता वीरगंजस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको यार्डमा थन्किएको छ ।

खुला चौरमैं घामपानीका कारण ५० हजार बन्डल जस्तापाता नष्ट हुन लागेको साल्ट ट्रेडिङ कम्पनीका अधिकारीले बताए । कर्पोरेशनको केन्द्रीय कार्यालयले गत २०७२ वैशाखको भूकम्पपछि साउनमा भारतको कोलकाताबाट खरीद गरेको ती जस्तापाता लीलामीको लागि सूचना केन्द्रीय कार्यालयले पटक–पटक प्रकाशित गरिसकेको छ । तर हालसम्म कसैले टेन्डर नसकारेकाले उक्त जस्तापाता नष्ट हुने क्रममा छ ।

एक अधिकारीका अनुसार त्यति बेला उक्त जस्तापाता पछि बिक्री गर्ने भनी शुरूमा सरकारले बिक्री अनुमति दिएको थिएन तर पछि बढी मूल्यका कारण बिक्री हुन सकेन । बढी मूल्य कोलकातास्थित जिन्दल कम्पनीबाट उक्त जस्तापाता खरीद गरिएको थियो । महँगो एवं गुणस्तरीय उक्त जस्तापाताको एउटा

एउटै बन्डलको मूल्य न्यूनतम ३ लाख ७५ हजार परेको थियो । खाद्य व्यवस्था

(बाँकी अन्तिम पातामा)

रू ३५ हजार राशिको
सुबोध स्मृति पुरस्कार २०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ ।

इमेलः prateekdaily@gmail.com
अनलाइनः eprateekdaily.com
फेसबूकः facebook.com/prateekdainik

आयोजकः प्रतीक

## विचारसार र सूक्तिहरू

**इमानदारी निकै महँगो सोख हो, सबैले धान्न सक्दैनन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## भाइरल ज्वरो ?

**गाउँ, शहरमा भाइरल ज्वरोको प्रकोप बढेको छ। पछिल्लो एक सातायता वीरगंज महानगरदेखि पर्साका ग्रामीण क्षेत्रका प्रायः गाउँटोलमा सरुवा भाइरल ज्वरोका बिरामी ह्वात्तै बढेका छन् । ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी लाग्ने, घाँटी दुख्ने, शरीर दुख्ने, कमजोरी महसूस हुने, अरुचि साथै कतिपयलाई रुघाखोकी र पखाला पनि लाग्ने गरेको छ । बालकदेखि वृद्धसम्ममा देखिएको सङ्क्रामक रोगले हालै कोरोना सङ्क्रमणमुक्त भएकाहरूलाई पनि छोएको छ । यतिबेला जिल्लास्थित स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप निकै बढेको छ । पर्सा र सो आसपासका क्षेत्रमा कोरोना सङ्क्रमण शून्यतर्फ झर्दै गर्दा कोरोनाकै जस्तो लक्षण देखिने बिमारी फैलिएको हो । नारायणी अस्पतालमा कोरोना परीक्षण गर्न आउनेहरूको सङ्ख्या निरन्तर ओरालोलाग्दो छ। परीक्षणमा पनि सङ्क्रमण न्यूनीकरण हुँदै गएको तथ्याङ्कले देखाउँछ । कोरोनासँग मिल्दोजुल्दो लक्षण बिरामीमा देखिए पनि बिरामीका साथै स्वास्थ्यकर्मीहरू खासै आत्तिएका छैनन् । 'यो कोरोना होइन, हरेक वर्ष आए जस्तै भाइरल ज्वरो हो,' भन्नेमा उनीहरू ढुक्क छन् ।**

**विगतदेखि नै बर्खा शुरू भएको केहीपछि भाइरल ज्वरो फैलने गरेको छ। डुबान भएका क्षेत्रहरूमा कुहिएका, सडेगलेका वस्तुहरूको दुर्गन्ध फैलने, वर्षात्को समय शरीर पटक–पटक पानीमा भिज्ने र भेल बाढीले गर्दा पिउने पानीसमेत दूषित हुने हुँदा सोको असर मानव स्वास्थ्यमा पर्ने गरेको छ। वर्षात् र मौसम परिवर्तनको समयमा अरू बेलाको तुलनामा स्वास्थ्यको बढी ख्याल गर्नुपर्नेमा त्यसो हुन नसक्दा भाइरल ज्वरोको प्रकोप फैलन बल पुग्ने गरेको छ । कोरोना होइन भन्नेमा ढुक्क हुने विभिन्न आधार छन् । जस्तै सीमावर्ती भारतीय क्षेत्रलगायत पर्सा र सो आसपासका क्षेत्रमा कोरोना सङ्क्रमण दर घट्दो क्रममा छ । वर्षात्पछि हरेक वर्ष भाइरल ज्वरो फैलने गरेकै हो । अस्ति भर्खरै कोरोनामुक्त भएकाहरूलाई पनि यसले भेटेको छ । कोरोना हो भने सङ्क्रमणमुक्त भएकाहरूलाई नछुनुपर्नेलगायतका तर्कहरू छन् ।**

**कोरोना होइन भने के हो त ? परीक्षण, खोज, अनुसन्धानका लागि कुनै पनि निकायले चासो देखाएको छैन । कोरोनाको महामारीपछि कोरोनाबाहेक अरू कुनै रोग, बिमारी नै छैन भन्ने भ्रम सरकार र सरकारी निकायहरूमा परेको छ । त्यसैले सरकारी स्वास्थ्य चौकीहरूमा जीवनजल पाइँदैन । सरकारले नागरिकका लागि 'निश्शुल्क' घोषणा गरिएका कुनै पनि औषधि महानगरबाहिरका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूमा पाइँदैनन् । पोखरिया नगरपालिकास्थित जिल्ला अस्पतालको दर्जा पाएको पोखरिया अस्पतालमा साधारण रोगको औषधी पनि छैन । निश्शुल्क पाउनुपर्ने औषधि बिरामीले बाहिरको औषधिपसलबाट खरीद गर्नुपरिरहेको छ। 'कोरोना उपचारमा हामीले धेरै ठूलो काम गर्‍यौं, अब अरू केही गर्नुपर्दैन' भन्ने मानसिकता तीनै तहका सरकारमा देखिन्छ । हुनत कोरोना सङ्क्रमितहरूकै लागि पनि उनीहरूले गर्न सकेको चाहिं केही होइन। बितेका वर्षहरूमा भाइरल ज्वरोले पनि धेरैजनाको ज्यान लिएको थियो । सरुवा रोगको सङ्क्रमितलाई सावधानीका साथै स्वास्थ्योपचार जरुरी छ। नारायणीकै स्वास्थ्य अधिकारीहरूले हाल फैलिएको बिमारी कोरोनाको अर्को रूपमा हुन सक्ने आशङ्का जाहेर गरेका छन्। जेहोस्, रोगको वैज्ञानिक परीक्षण तथा पहिचान र सङ्क्रमितलाई सोही मुताविक उपचारमा विलम्ब गरिनुहुन्न।**

# आर्थिकरूपमा कस्तो हुनेछ देउवाको कार्यकाल ?

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**शेरबहादुर देउवाको कार्यकाल उनका लागि सहज नहुने देखिन्छ । जुन प्रमको आफ्नै कार्यकाल सहज छैन, ऊबाट देशलाई आर्थिक विकासको पथमा दौडाउने अर्थनीति तर्जुमा हुने, कार्यान्वयन हुने अपेक्षा गर्न सकिने स्थिति छैन ।**

नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई कुन स्थितिले प्रम पदमा आसीन गरायो भन्ने यथार्थ राजनीतिमा सामान्य जानकारी राख्नेहरूलाई समेत भलिभाँति थाहा छ । एमालेको गृह–कलह चुलिएर घात–प्रतिघात–अन्तर्घातको स्थितिमा नपुगेको भए अहिले प्रमको पदमा ओली नै रहिरहन्थे । देउवाको भूमिका प्रतिपक्षीको रूपमा सीमित हुन्थ्यो । तर एमालेको निरन्तर गृह–कलहले अप्रत्याशितरूपमा देउवालाई प्रमको कुर्सीमा आसीन गराएको छ । देउवा संसद्बाट निर्वाचित प्रम होइनन् । उनलाई न्यायालयले प्रम पदमा आसीन गराएको हो । सामान्य अर्थमा भन्ने हो भने माधव नेपाल र प्रचण्डको अहम् र ओलीप्रतिको आक्रोशले गर्दा देउवा नाटकीय किसिमले पाँचौंपटक नेपालका प्रम भएका हुन् । यो कुरा यहाँ किन उल्लेख गरिएको हो भने देउवा प्रम हुने तरीका नै असामान्य भएकोले उनको कार्यकाल पनि सामान्य हुने देखिंदैन । देउवा हिंड्ने बाटोमा ढुङ्गैढुङ्गा छ ।

देउवालाई विश्वासको मत दिनेहरूको विगत र कार्यशैली हेर्दा उनीहरूले देउवालाई सहजरूपमा काम गर्न दिने स्थिति देखिंदैन । देउवालाई विश्वासको मत दिनेहरूले एमालेको गृह–कलहबाट दिक्क भएर नेपालको राजनीतिलाई स्थिरता दिन होइन, आआफ्नो स्वार्थका लागि दिएका हुन् । माधव नेपाल, पुष्पकमल दहाल, महन्त ठाकुर, उपेन्द्र यादवलगायत सबैले स्वार्थबाट वशीभूत भएर देउवालाई विश्वासको मत दिएका हुन् । देउवालाई विश्वासको मत दिनेहरूमध्ये धेरै आआफ्नो दलबाट विद्रोह गरेर आएका छन् । अर्थात् देउवाको शिविरमा विद्रोहीहरूको जमघट छ ।

ओलीलाई प्रमबाट हटाउन इतिहासमा बिरलै देखिने कार्यहरू भएका छन्। ओलीलाई हटाउन एमालेभित्रबाटै, ओली सम्बद्ध दलका वरिष्ठ नेता माधव नेपाल, विपक्षी दलका नेता एवं नेका सभापति शेरबहादुर देउवा कहाँ पुगेका थिए। त्यति मात्र होइन उनले देउवालाई प्रम नियुक्त गर्न आफ्ना दलका केही सहयोगी सहित न्यायालयमा रिट निवेदन हालेका थिए। यस्तो घटना राजनीतिक वृत्तमा ज्यादै कम देखिन्छ । ओली जस्तोसुकै तानाशाही प्रवृत्तिका भए पनि उनलाई पार्टीकै नियमद्वारा माधव नेपाल पक्षले तह लगाउनुपर्थ्यो, ओलीलाई तह लगाउन देउवाको शरणमा जानु माधव नेपालको गम्भीर त्रुटि थियो । माधव नेपाल ओलीलाई प्रमबाट च्युत गर्न देउवाको शरणमा पुग्नुले ओलीको गलती छोपिने र माधव नेपालको गल्ती प्रस्ट देखिने स्थिति सृजना भएको छ। र यो घटना नेपालको संसदीय इतिहासमा एउटा अनौठो घटनाको रूपमा दर्ज हुनेछ । फलानो व्यक्तिलाई प्रम नियुक्त गर्नु भनी न्यायालयले आदेश जारी गरेको नेपालको संसदीय इतिहासमा पहिलो घटना हुनुपर्छ।

यो लेखको आशय भने राजनीतिक विश्लेषण गर्नु होइन । ओलीको पक्षमा र नेपालको विरोधमा लेख्नु पनि होइन। प्रम देउवाको कार्यकालमा नेपालको आर्थिक स्थिति कस्तो हुने हो त्यसको लेखाजोखा गर्नु हो। यो वैश्य युगमा कुनै पनि देशको अर्थ व्यवस्थाले त्यस देशको प्रत्येक नागरिकलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ, चाहे त्यो व्यक्ति अति निर्धन वा अति धनाढ्य किन न होस्। त्यस कारण प्रम देउवाको कार्यकालमा देशको अर्थ व्यवस्थमा के कस्तो परिवर्तन आउला भनी चासो राख्नु समीचीन हुन आउँछ।

बिहानीले दिउँसो कस्तो हुन्छ भन्ने कुराको सङ्केत गरेझैं देउवा कुन स्थितिमा र क–कसो सहयोगमा प्रम भएका हुन् भन्ने कुराले उनको कार्यकालमा देशको आर्थिक स्थिति कस्तो हुन्छ भन्ने कुराको सङ्केत मिल्छ । देउवाले विश्वासको मत पाउनुपूर्व, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल र समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग २५ वटा मन्त्रालयलाई चारवटा समूहमा राखेर भागबन्डा गर्ने सैद्धान्तिक सहमति गरेका थिए भन्ने समाचार बाहिर आएको छ। देउवाले गरेको यो सहमतिबाट मन्त्रीपदमा योग्य होइन, भागबन्डा अनुसार कुन दले कुन मन्त्रालय पायो, त्यही दलका व्यक्ति मन्त्री हुने भन्ने कुरा प्रस्ट हुन्छ। अर्थात् कुनै व्यक्ति उसको अनुभव, कार्यकुशलता, शैक्षिक योग्यता आदिको आधारमा मन्त्री नियुक्त हुने छैन, तर आफ्नो दल र अध्यक्षको निगाहमा मन्त्री हुने स्थिति देखियो भने योग्य व्यक्ति मन्त्री हुने सम्भावना न्यून हुन्छ । देउवाको मन्त्रिमण्डलमा योग्य व्यक्ति होइन, दलीय भागबन्डाको आधारमा छानिएका व्यक्ति समाविष्ट हुनेछन् जुन देशको आर्थिक विकासको लागि सुखद स्थिति होइन। कोरोना सङ्क्रमणले गर्दा देशको अर्थतन्त्र ढल्ने स्थितिमा पुग्न थालेको अवस्थमा देशलाई नेतृत्व दिने व्यक्तिहरू योग्य र सक्षम हुनु आवश्यक थियो । मन्त्रीहरू योग्य हुनुपर्ने वर्तमान कोरोना सङ्कटग्रस्त देशको अर्थ व्यवस्थाले माग गर्दछ।

अर्थ, वाणिज्य, उद्योग, आपूर्ति मन्त्रालयहरू अन्य मन्त्रालयहरूको तुलनामा अति महत्त्वपूर्ण हुन् । अन्य मन्त्रालयलाई नेतृत्व दिने जेजस्ता व्यक्ति भए पनि उपरोक्त मन्त्रालयहरूलाई नेतृत्व दिने व्यक्तिहरूमा सम्बन्धित क्षेत्रको ज्ञान हुनु आवश्यक छ । त्यस क्षेत्रसम्बन्धी उच्च शिक्षा हुनु आवश्यक छ । अर्थ, वाणिज्य, उद्योग, आपूर्तिजस्ता मन्त्रालयहरूमा अक्षम व्यक्ति पुगे भने तिनले देशको अर्थ व्यवस्था उकास्ने नीति तथा कार्यक्रम ल्याउनुको सट्टा राष्ट्रिय अर्थ व्यवस्थालाई अहित हुने किसिमका नीति ल्याउन सक्छन् । अर्कोतिर दलीय भागबन्डा मिलाउनुपर्ने हुनाले देउवाले चाहेर पनि सक्षम व्यक्तिलाई मन्त्री बनाउन कठिन हुनेछ। दलीय भागबन्डाको स्थितिले गर्दा देउवाको हात त छ, तर बाँधिएको स्थितिजस्तो हुनेछ । यो कारणले देउवाको कार्यकालमा राष्ट्रिय अर्थ व्यवस्थाले राम्रो दिशा समात्ने सम्भावना अति न्यून छ। यदि देउवाले ठूलो आँट गरेर, गठबन्धनभित्रका दलका प्रभावशाली नेताहरूको कुरामा नलागेर आफ्नो स्वतन्त्र इच्छाद्वारा अर्थमन्त्री, उद्योगमन्त्री आदि नियुक्त गरे त्यो बेग्लै कुरा हो। तर देउवा जुन नाउमा सवार छन् त्यसको पतवार उनको कुरा नमान्ने किसिमको छ। स्थितिले त्यस्तै भन्छ।

देउवालाई विश्वासको मत जुन–जुन सांसदले दिए, ती र तीसम्बद्ध दलका अध्यक्षहरूलाई देउवाले निरन्तर रिझाउनुपर्ने बाध्यता छ। यस्तो नभए उनले प्रतिनिधिसभाबाट विधेयकहरू पारित गराउन गाह्रो हुनेछ। मुख्यगरी आर्थिक विधेयकहरू प्रतिनिधिसभाबाट पारित नहुँदा समस्या उत्पन्न हुन सक्छ। नेपाल र ठाकुर पक्षले सहयोग नगरेमा देउवा सरकारको पक्षमा बहुमत पुग्दैन। नेपाल र ठाकुरको देउवाप्रति समर्थन अनिश्चित छ। नेपालले कुनै पनि बेला दिशा परिवर्तन गर्न सक्छन् । नेपालले कस्तो किसिमले र कुन बेला दिशा परिवर्तन गर्नेछन् भन्ने कुरा उनको दलसँग उनको सम्बन्ध भविष्यमा कस्तो हुनेछ त्यस कुराले निर्धारण गर्नेछ ।

नेपालमा छाया प्रधानमन्त्री बन्ने प्रचलन झन्झन् बलियो भएर गएको छ। छाया प्रम अर्थात् सत्तारूढ दलका प्रभावशाली एवं वरिष्ठ नेताहरूले आफ्ना दलका प्रममाथि आफ्ना स्वार्थहरू लाद्नु, आफूले चाहेको व्यक्तिलाई मन्त्री वा आकर्षक पदमा पुर्‍याउन दबाब दिनु वा आफूले चाहे अनुसार कार्य गर्न बाध्य पार्नु र आफ्नो दलको प्रमले त्यस्तो नगरेका उसको खोइरो खनेर उसलाई पदच्युत गराउनु । पूर्व प्रम ओलीलाई माधव नेपाल, झलनाथ खनालजस्ता छाया प्रम हुन खोज्नेहरूले (ओलीलाई) आफ्नो इच्छा अनुसार कार्य गर्न बाध्य पारेका थिए। अर्कोतिर ओलीले छाया प्रम हुन खोज्नहरूको माग व्यवस्थापन गर्न सकेका थिएनन् । देउवाको नियति पनि ओली सरह हुनेछ। देउवालाई पनि उनकै दलबाट छाया प्रम खोज्नेहरूले आफ्नो स्वार्थ अनुसार काम गर्न बाध्य पार्नेछन्। देउवाले त्यस्तो नगरेमा उनको खोइरो खन्न आरम्भ गर्नेछन्। र यो स्थिति देउवाको लागि सहज हुनेछैन। फलामको चिउरा चपाउनु सरह हुनेछ। देउवाको दल नेकाबाट को–को छाया प्रम सरह कार्य गर्न उपस्थित हुनेछन् त्यो कुरा आउने समयले नै देखाउने छ । तर नेपालमा छाया प्रम हुनेहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् भन्ने कुरामा दुई मत हुन सक्तैन। नेपालको राजनीतिक व्यवस्थाले नै छाया प्रम हुने र उनीहरूले हस्तक्षेप गर्ने सक्ने स्थिति सृजना गरिदिएको छ ।

नेपालमा कुनै पनि व्यक्ति निर्वाचन लड्दा ऊ आफ्नो लोकप्रियताभन्दा दलको लोकप्रियताको आधारमा विजयी हुने र प्रमको निवार्चन प्रत्यक्ष जनताबाट नभएर प्रतिनिधिसभाबाट हुने भएकोले कुनै पनि दलबाट निर्वाचित प्रम जहिले पनि आफ्नो दलको र उक्त दलको वरिष्ठ कहलिएका नेताहरूको पकडमा हुने गर्दछ । यो कारणले गर्दा नेपालको राजनीतिक व्यवस्था अनुसार नेपालको प्रमले आफ्नो दलको कुरा नमानेर स्वतन्त्रतापूर्वक कार्य गर्न पाउने अवसर पाउँदैन। यो व्यवस्था, प्रमले स्वतन्त्रतापूर्वक कार्य गर्न नपाउने स्थितिले गर्दा, वा प्रम देश (मतदाताहरू) प्रति होइन आफ्नो दलप्रति बढी जिम्मेवार हुनुपर्ने स्थितिले गर्दा नेपालको राजनीतिमा छाया प्रम भएर काम गर्न खोज्नेहरूको भूमिका बढेर गएको हो ।

नेपालको राजनीतिमा छाया प्रम भएर काम गर्ने खोज्नेहरूको भूमिका, अदृश्य रहे पनि, अत्यन्तै ठूलो हुने गरेको छ। सन्त मनका कृष्णप्रसाद भट्टराई प्रम हुँदा उनलाई गिरिजाप्रसाद कोइरालाले स्वतन्त्रतापूर्वक काम गर्न दिएका थिएनन् । कोइरालाले जहिले पनि आफ्नो इच्छा भट्टराईमाथि लादे । भट्टराई प्रम हुँदा गिरिजाप्रसाद कोइरालाले छाया प्रम भएर कार्य गर्ने खोजेका थिए ।

यस्ता विभिन्न तत्त्वहरूको मूल्याङ्कन एवं विश्लेषण गर्दा शेरबहादुर देउवाको कार्यकाल उनका लागि सहज नहुने देखिन्छ। जुन प्रमको आफ्नै कार्यकाल सहज छैन, ऊबाट देशलाई आर्थिक विकासको पथमा दौडाउने अर्थ नीतिहरू तर्जुमा हुने, कार्यान्वयन हुने अपेक्षा गर्न सकिने स्थिति छैन । आर्थिकरूपमा देउवाको प्रम कार्यकाल काम चलाउमा मात्र सीमित रहने छ ।

# ६० हजारले १५ वर्ष जेल : जीवनभर पश्चाताप

चितवन, ७ साउन/रासस

जिल्लाको कोराकका एक चेपाङले रु ६० हजारको लोभले १५ वर्ष जेलजीवन बिताउनुपर्‍यो । जेलजीवन त पूरा भयो तर आफ्नो जीवनका बाँकी समय पनि उनका पश्चात्ताप र नैराश्यतामा बितेका छन् ।

पुर्ख्यौली सम्पत्ति भएकाले परिवारको बिछोड त भएन सुख र चैन भने परिवारमा कहिल्यै मिलेन । राप्ती नगरपालिका–१० कोराकका ५९ वर्षीय वीरबहादुर प्रजा (चेपाङ) ४१ वर्षको उमेरमा दुर्लभ एकसिङ्गे गैंडाको खाग तस्करी मुद्दामा पक्राउ परे। तीन वर्षअघि आफ्नो १४ वर्ष आठ महीना जेलजीवन बिताएर घर फर्किएका प्रजाले आफ्नै घरमा व्यवसाय थालेका छन् ।

जिल्लाको पहाडी क्षेत्रमा पर्ने कोराकको समिटारको उनको निवासमा पुग्दा उनी काममा व्यस्त थिए। घरमैं मदिरापसल शुरू गरेका प्रजाले छुट्टै कोठामा आफ्ना वेदना पोख्दै गर्दा उनका आँखा आँसुले रसाएका थिए। विगतको जेलजीवन र त्यसपछिका उनका दिन त्यति सुखी र खुशी छैनन् । चितवन, काठमाडौं, वीरगंज र पोखराका कारागारमा बस्दाको समय सम्झँदै उनले भने, "रगतको आँसु बगाएर जेलजीवन पार गरें, यो कुकर्ममा जार पनि नलागोस् र जेल जान नपरोस् ।"

त्यसो त उनी रु ६० हजार पाउने लोभमा फसे । घिसिङ थरका एक व्यक्तिसँगै दुर्लभ एकसिङ्गे गैंडा शिकारका क्रममा भरिया बनेर उनी निकुञ्ज पुगे । तस्कर टोलीको भरियाको काम उनले गरे । काम फत्ते भएमा रु ६० हजार पाउने लोभ उनलाई दिइयो । उनी दुईपटक गरेर रु १५ हजार मात्रै पाएको बताउँछन् । त्यहीबीचमा विसं २०५९ सालतिर घिसिङ समातिएको र उसैका कारण आफू पक्राउ परेको उनको भनाइ छ।

पक्राउ पर्ने थाहा पाएपछि लुक्न भारत जाने भन्दै पर्साको ठोरी पुगेका प्रजा त्यहाँबाट पारी जान सकेनन् । दुई महीनाको आवतजावतपछि ठोरीबाट उनी पक्राउ परे। विसं २०५८ तिर भरियाको काम गरेको स्मरण गर्दै उनले भने, "रासन पानी बोकेर पैसा पाइन्छ भनेपछि यो कुकर्ममा लागियो।" राप्ती नदी तरेर जङ्गलमा बस्दै गर्दा पक्राउ परेर कारबाईमा परिन्छ भन्ने थाहा भएपनि लुकेर बचिन्छ भन्ने लागेर यस्तो कार्यमा लागेको प्रजा बताउँछन् ।

त्यति बेलाको रु ६० हजार धेरै हुने र आर्थिक अभावले गर्दा यो कुकर्ममा लागेको उनको भनाइ छ। त्यति बेलाका साथी दौतरीका गाउँमा घर बनेका छन्, कतिपयको शहरमा घरसँगै गाडी रहेको सुनाउँदै उनले आफ्नो अवस्थालाई आफैंले हेर्दा लाज भएको दुःखेसो गरे । उनले भने, "उमेर पनि फालियो, समय पनि बित्यो, केही गर्न पनि सकिएन।"

आँखाभरि आँसु पार्दै उनले जीवनको पहिलो र अन्तिम भूल यही नै भएको सुनाए। बुबाको एकमात्रै सन्तान प्रजाले बुबाले जोडेको दुई बिघा पाँच कट्ठा जग्गामध्ये बिक्री गरेर अहिले एक बिघा आठ कट्ठा मात्रै बाँकी छ । जेलबाट छुँदै गर्दा निकुञ्जमा रु चार लाख जरिवानासँगै वकील र आउजाउलगायतका खर्चमा रु नौ लाखभन्दा बढी सक्किएको उनको भनाइ छ। उनले भने, "मान्छेले गरेका गलत काम ढिलोचाँडो बाहिर आउँछ।"

जेलजीवनपछि समाजमा बाँच्न पनि कठिन सङ्घर्ष गरिरहनुपरेको उनले

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा फेरि बढे कोरोना सङ्क्रमित

नयाँ दिल्ली, ७ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा फेरि वृद्धि भएको छ। सरकारी अधिकारीहरूले दिएको विवरण अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४१ हजार ३८३ जना कोरोना भाइरसबाट सङ्क्रमित थपिएका छन्।


तस्वीरः फाइल

अघिल्ला केही दिनको तुलनामा यो सङ्ख्या धेरै भएकोले भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा फेरि वृद्धि भएको हो।

सोही अवधिमा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्याभन्दा नयाँ सङ्क्रमित धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्यासमेत बढ्दै गइरहेको छ। पछिल्लो एक दिनमा भारतमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या ३८ हजार ६५२ रहेको अधिकारीहरूले जानकारी दिएका छन्।

योसँगै भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएर अहिले सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या तीन करोड चार लाख २९ हजार ३३९ पुगेको छ।

भारतमा अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्या चार लाख नौ हजार ३९४ रहेको अधिकारीहरूले जनाएका छन्। यो सङ्ख्या कुल सङ्क्रमितहरूको सङ्ख्याको १.३१ प्रतिशत मात्र हो। कोरोना भाइरसका कारण भारतमा अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या चार लाख १८ हजार ९८७ रहेको छ। तीमध्ये ५०७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतीय चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म ४५ करोड नौ लाख ११ हजार ७१२ स्वाब परीक्षण गरिएको छ। तीमध्ये १७ लाख १८ हजार ४३९ जनाको कोरोना परीक्षण पछिल्लो एक दिनमा गरिएको हो।

**कोरोना भाइरस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४१ लाख २७ हजार नाघ्यो**

बेइजिङ/सिन्हवा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४१ लाख २७ हजार नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४१ लाख २७ हजार ६२ जनाको मृत्यु भएको छ। विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १९ करोड २० लाख ५ हजार ७५ रहेको छ। विश्वभर तीन अर्ब ७१ करोड ५८ लाख १ हजार ७१७ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। रासस

# बगदादमा भएको हमलाको राष्ट्रसङ्घद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ ७ साउन/सिन्हवा

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सोमवार इराकको राजधानी बगदादमा भएको हमलाको निन्दा गरेको छ। बुधवार राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सो हमलाको निन्दा गरेको बताइएको छ। इराकको राजधानी बगदादमा भएको सो हमलामा परी कैयौं नागरिकको ज्यान गएको थियो।

राजधानी बगदादमा सोमवार भएको आत्मघाती बम हमलामा परी कम्तीमा पनि ३० जना मानिसको ज्यान गएको थियो। हमलामा अरू ५० जनाजति नराम्ररी घाइते भएका थिए। दिउँसो भएको सो हमलामा परी यहाँका निर्दोष सर्वसाधारण नागरिकको ज्यान गएको थियो। राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यहरूले बुधवार एक विज्ञप्ति प्रकाशन गरेर सो हिंसात्मक घटनाको निन्दा गरेका बताइएको छ। ती सदस्यहरूले उक्त हिंसात्मक हमलामा परेर ज्यान गुमाउने नागरिकप्रति श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेका छन्।

उक्त हलमाका जिम्मेवारहरूलाई कानूनी दायरमा ल्याएर कडाभन्दा कडा कारबाई गर्न पनि उनीहरूले माग गरेका छन्। सोमवारको सो हमलाको जिम्मेवारी इस्लामिक स्टेटले लिएको छ। रासस


तस्वीरः सिन्हवा

# सिरियामा इजरायली मिसाइल आक्रमण

दमस्कस ७ साउन/सिन्हवा

बुधवार मध्यरातिदेखि इजरायली सेनाले सिरियामाथि मिसाइल हमला गरेको सिरियाबाट प्राप्त समाचारमा जनाइएको छ।

सिरियाको मध्य शहर होम्समा इजरायली सेनाले हमला गरेको बताइएको छ। बुधवार मध्यरातिदेखि होम्स शहरमा इजरायलले मिसाइल हानेको उक्त समाचारमा जनाइएको छ।

सिरियाको समाचार समिति सानाले सो समाचार दिएको छ। सानाका अनुसार गत मध्यरातदेखि सिरियामा सो हमला भएको हो। उक्त समाचार समितिले सो हमला इजरायली सेनाले गरेको पुष्टि भएको पनि बताएको छ। मध्य सिरियाली शहर होम्सको क्वासेर क्षेत्रमा हमला केन्द्रित रहेको पाइएको छ। उक्त क्षेत्रमा सिरियाली सेनाले पनि प्रतिरक्षा गरेर मिसाइल प्रहार गरेको छ।

त्यसबाट भएको हताहतको समाचार भने आएको छैन। आक्रमणबाट के कति मानिस हताहत भए खोजी भइरहेको बताइएको छ। केही दिन यतादेखि इजरायलले सिरियामाथि हमला गरिरहेको छ। गत सोमवार पनि इजरायलले उत्तरी सिरियाली शहर अलेपोमा आक्रमण गरेको थियो।

यस विषयमा सिरियाले कुनै प्रतिक्रिया दिएको छैन। सिरियामा अहिले पनि हिंसा जारी छ र विभिन्न हिंसात्मक समूहहरूका कारण नागरिकको ज्यान जाने क्रम जारी छ।

# बेलायतका स्वास्थ्यकर्मीहरूको तलब वृद्धि

लन्डन, ७ साउन/एएनआई

बेलायतमा कार्यरत स्वास्थ्यकर्मीहरूको सेवा सुविधा वृद्धि गरिएको सरकारले बुधवार घोषणा गरेको छ।

पछाडिको मिति राखेर गत अप्रिलदेखि लागू हुनेगरी सरकारले सेवा सुविधा वृद्धि गरेको सरकारी अधिकारीहरूले जानकारी दिएका छन्।

राज्यको स्वतन्त्र निकाय राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) ले स्वास्थ्यकर्मीहरूको तलब तीन प्रतिशत वृद्धि गर्न सिफारिश गरेपछि सरकारले वृद्धि गरिदिएको हो।

"स्वास्थ्यकर्मीभित्र पारामेडिसिन, नर्स, कन्सल्टेन्ट, डेन्टिस्टलगायत पर्नेछन्। उनीहरूले पनि तलब–वृद्धि सुविधा पाउने भएका छन्"– सरकारी निकायद्वारा जारी वक्तव्यमा लेखिएको छ।

बेलायतमा स्वास्थ्य क्षेत्रको सेवा, सुविधा, गुणस्तर, मापदण्ड आदि निर्धारण गर्न स्वतन्त्र निकायको रूपमा राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस)को व्यवस्था गरिएको छ।

कोरोना भाइरस महामारीविरुद्ध लडाइँमा अग्रपङ्क्तिमा रहेर काम गरेकाले उनीहरूको सेवा सुविधा वृद्धि आवश्यक भएको एनएचएसले निष्कर्ष निकालेको हो। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुपराजय |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – धनलाभ |
| धनु – अन्नलाभ | मकर – अलमल |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## वर्गीकृत विज्ञापन









# वैदेशिक अनुदानको कन्तबिजोग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**वैदेशिक सहयोगविना हाम्रो दिगो विकासको प्रयास कता जाला ? यो महत्त्वपूर्ण प्रश्न हो। समस्या वैदेशिक सहयोग वा अनुदानको होइन, परिचालन गर्ने पद्धति र सुशासनको अभाव हो। विकास र सहयोगमा पारदर्शिता हुनुपर्छ। यसले जनता र देशलाई फाइदा हुने कुरामा दुईमत छैन।**

विगत केही वर्षयता वैदेशिक अनुदानको रकम घट्दै गएको छ। वैदेशिक सहायतामा, वैदेशिक ऋणको तुलनामा, अनुदानको अनुपात घट्दै गएको हो। सरकारले प्राप्त वैदेशिक अनुदानको रकम खर्च गर्न नसक्दा लक्ष्यको तुलनामा निकासा रकममा कमी आउन थालेको छ। विगत ६ वर्षयताका बजेटमा राखिएको वैदेशिक अनुदानको लक्ष्य र खर्च हेर्दा सरकारले वार्षिक औसत ४८ अर्ब रुपियाँका दरले अनुदान खर्च गर्न नसकेको हो। आर्थिक वर्ष २०७४–०७५ मा सरकारले ७२ अर्ब १६ करोड वैदेशिक अनुदान परिचालन गर्ने लक्ष्य लिएको थियो। तर उक्त आर्थिक वर्षमा सरकारले ३९ अर्ब ३३ करोड रुपियाँ मात्र खर्च गर्न सकेको अर्थ मन्त्रालयको तथ्याङ्क छ। यो लक्ष्यको तुलनामा ५४.५० प्रतिशत हो। यसैगरी आर्थिक वर्ष २०७५–०७६ को बजेटमा सरकारले ५८ अर्ब ८१ करोड रुपियाँ वैदेशिक अनुदान परिचालन गर्ने लक्ष्य लिएको थियो। सो अवधिमा सरकारले लक्ष्यको तुलनामा ३९ प्रतिशत मात्र खर्च गर्न सकेको थियो। आर्थिक वर्ष २०७५–०७६ मा वैदेशिक अनुदानतर्फ सरकारले २२ अर्ब ९४ करोड रुपियाँ मात्र खर्च गर्न सक्यो। त्यस्तै आर्थिक वर्ष २०७६–०७७ को बजेटमा सरकारले ५७ अर्ब ९९ करोड वैदेशिक अनुदान परिचालन गर्ने लक्ष्य लिएकोमा रु २३ अर्ब १९ करोड मात्र खर्च गर्न सकेको थियो। यो लक्ष्यको तुलनामा ३९.९ प्रतिशत हो। त्यस्तै आर्थिक वर्ष २०७७–०७८ मा सरकारले वैदेशिक अनुदानतर्फ ६० अर्ब ५२ करोड रुपियाँ परिचालन गर्ने लक्ष्य लिएको थियो। तर लक्ष्यको तुलनामा करीब २५ प्रतिशत मात्र खर्च गर्न सकेको अनुमान छ।

नेपालका द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरू र अर्थ मन्त्रालयबीच अनुदान लिनेदिने सम्झौता भएपछि मात्र त्यो रकम बजेटमा राखिन्छ। विकास साझेदारहरूले कार्यक्रम र क्षेत्र हेरेर त्यसैमा मात्र खर्च गर्नेगरी अनुदान दिने गर्छन्। विकास साझेदारसँग सम्झौता भएको रकम अनुसार आयोजनामा बजेट राखेर पहिले सरकारले खर्च गर्ने र त्यसपछि भुक्तानी (शोधभर्ना) माग्ने प्रचलन छ। विकसित मुलुकहरूले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को केही अंश गरीब मुलुकलाई अनुदानका नाममा सित्तै दिने गर्छन्। तर सित्तै पाएको रकम पनि सरकारले खर्च गर्न नसक्नु लाजमर्दो कुरा हो। दातृ निकायले अनुदान रकम खर्च गर्दा अनेकौं शर्त राख्ने भएकाले समस्या हुने गरेको सरकारी अधिकारीहरूको भनाइ छ। यसमा केही हदसम्म्म सत्यता भएपनि लक्ष्यको आधा रकम पनि खर्च गर्न नसक्नु बहाना मात्र हो। आयोजना निर्माणको जिम्मेवारी लिएका उच्च पदाधिकारीहरू वैदेशिक अनुदान र ऋणभन्दा सरकारकै बजेट खर्च गर्नुलाई प्राथमिकता दिने गरेको पाइन्छ। सरकारको बजेट खर्च गर्न कुनै झन्झट छैन। सार्वजनिक खरीद ऐन अनुसार बोलपत्र प्रकाशन गरी काम गर्न सकिन्छ। तर वैदेशिक सहयोगको बजेट खर्च गर्दा सम्बन्धित दातृ संस्थाका पदाधिकारीसँग समन्वय गर्ने र परामर्श लिनुपर्ने हुन्छ। कतिपय विषयमा उनीहरूको थप स्वीकृति आवश्यक हुन्छ। यी सबै प्रक्रिया पुऱ्याएर वैदेशिक सहयोग खर्च गर्ने जाँगर थोरै कर्मचारीमा मात्र छ। नेपालको उपयोग गर्ने क्षमता अत्यन्तै कम भएका कारण वैदेशिक अनुदान कम आउने गरेको अर्थविज्ञहरूको भनाइ छ। धेरै अनुदान पूँजी निर्माणका क्षेत्रमा आउने गर्छ। तर अनुदान ल्याउन सम्झौता अनुसार काम गर्नुपर्छ। काम हुँदैन भने अनुदान पनि आउँदैन। यसरी वैदेशिक सहायताबापत बजेट खर्च नभएकै कारण पूँजीगत खर्च बढ्न नसकेको देखिन्छ। सरकारी स्रोतको बजेट ८०–८५ प्रतिशतभन्दा बढी खर्च भइरहेको अवस्था छ। तर वैदेशिक सहायताको रकम त्यति खर्च हुन नसक्दा पूँजीगत खर्च औसतमा ७०–७५ मा झरेको देखिन्छ। लामो समयदेखि सरकारको पूँजीगत बजेट खर्च गर्ने क्षमता पनि औसतमा लक्ष्यको ७० प्रतिशतभन्दा बढी देखिएको छैन।

सरकारले एकातिर सित्तैमा दिएको अनुदान रकम खर्च गर्न सकेको छैन भने अर्कोतिर पछिल्ला वर्ष विकास साझेदारहरूले अनुदानको अंश पनि क्रमशः घटाउँदै लगेका छन्। गत ६ वर्षमा औसतमा वार्षिक ८० अर्ब रुपियाँ अनुदान आउने लक्ष्य रहेकोमा साढे ३१ अर्ब रुपियाँ मात्र आएको देखिन्छ। आफैंले पनि लक्ष्य अनुसार खर्च गर्न नसकेपछि सरकारले अनुदानको आकार घटाउन थालेको छ। विगतमा एक खर्ब रुपियाँ बढी अनुदान आउने लक्ष्य राखिने गरेकोमा अहिले ६० अर्बमा झारिएको छ। २०१७ देखि २०६२ सालसम्म नेपालले आफ्नो बजेटको औसत ११ प्रतिशत वैदेशिक अनुदान र १६ प्रतिशत वैदेशिक ऋणबाट स्रोत जुटाएको देखिन्छ। आर्थिक वर्ष २०१३–१४ देखि २०७५–७६ सम्म नेपालले यदि ७ प्रतिशतको ब्याजको हिसाब गर्ने हो भने, वर्तमान मूल्यमा ५.१ खर्ब बराबरको वैदेशिक अनुदान प्राप्त गरेको रहेछ।

नेपालमा विदेशी ऋण र अनुदान लिएर निर्माण गरिने र हामी आफैंले पनि लगानी गरेका राष्ट्रिय महत्त्व राख्ने पूर्वाधार निर्माणको उदाहरण उत्साहजनक छैन। यसो हुनुको प्रमुख कारण लगानी र वित्तीय प्रोत्साहनबारे बहुवर्षीय सुनिश्चितता, समयमैं जग्गाप्राप्ति, ठेक्का तथा करारसम्बन्धी समस्या, प्राकृतिक स्रोतजन्य निर्माण सामग्रीको अनुपलब्धता, कर्मचारी एवं मानव संसाधन व्यवस्थापनजस्ता विषय छन्। साथै धेरै ठूला आयोजना अघि नबढ्नुमा कार्यान्वयन गर्ने पद्धति (मोडालिटी) नै स्पष्ट रूपमा तोक्न नसक्नु हो। समयमैं सम्पन्न गर्ने पद्धतिको विकास नगर्दा त्यस्ता आयोजनालाई निरन्तरता दिन पनि कठिन हुन्छ र रोक्नु त झन् निकै महँगो पर्न जान्छ। कठिनाइसाथ जुटाएको स्रोत बालुवामा पानी खन्याएसरह खर्च हुँदा, आयोजना सम्पन्न भएपश्चात् प्राप्त हुनुपर्ने अर्थ–सामाजिक विकास, रोजगार सृजनालगायतका प्रतिफल आशा अनुरूप नपाउँदा देशले कति घाटा बेहोर्नुपरेको छ भन्ने कुरा नेपाली जनतालाई पनि जानकारी गराउनुपर्छ। सबै आयोजना समय सीमाभित्र सम्पन्न हुन सके मात्र देशले फाइदा पाउँछ। आयोजनामा स्थानीय स्तरमा असम्भव माग राखेर र राष्ट्रिय स्तरमा अतिरञ्जित तर्क गरेर ढिलो गराउनेहरूले राष्ट्रिय मर्मलाई पनि बुझ्नुपर्छ। ऋणमा बन्ने आयोजना समयमैं कार्यान्वयन नहुँदा दातालाई त कुनै नोक्सानी हुन्न, तर देशमाथि ऋण थपिँदै जान्छ र जनताले प्राप्त गर्ने आयोजनाको प्रतिफल महँगो हुँदै जान्छ।

नेपालले सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने भनेको छ, जसका लागि सन् २०१५ को मूल्यमा वार्षिक औसत करीब २,०२५ अर्ब नेपाली रुपियाँ आवश्यक पर्छ। जसमध्ये करीब १,१११ अर्ब सरकारी पक्षले राजस्व र वैदेशिक सहयोगबाट, अनि निजी क्षेत्रले करीब ७३९ अर्ब खर्च गर्नुपर्ने राष्ट्रिय योजना आयोगको अनुमान छ। उपलब्ध स्रोत र साधन प्रयोग गर्दा पनि औसत करीब ५८५ अर्ब रुपियाँ वार्षिक अपुग हुने भनिएको छ। यो तथ्याङ्क, नेपालको राजस्व सङ्कलन, कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत हुने आधारमा तयार गरिएको हो, जुन गएका दुई–तीन वर्षमा त्योभन्दा कम थियो। प्रत्येक वर्ष पूर्वाधार (खानेपानी, सरसफाइ, ऊर्जा, यातायात, पर्यटन, उद्योग र शहरी विकास) मा मात्रै औसत करीब १,२३५ अर्ब रुपियाँ लगानी आवश्यक पर्छ। नेपालका विभिन्न बैंक र सहकारीमार्फत अहिले सबै प्रकारका कर्जामा गएको रकम भनेको ४० खर्ब हाराहारी मात्र हो। अहिले त्यसको १० प्रतिशतभन्दा धेरै कम मात्र पूर्वाधारमा, विशेष गरी पर्यटकीय र ऊर्जा क्षेत्रमा लगानी भएको छ। वार्षिक रूपमा नेपाली कर्जा बजारमा परिचालन हुने रकम कुल कर्जाको करीब १५ प्रतिशत मात्र हो। त्यसैले दिगो विकासका लक्ष्य हासिल गर्न नेपाललाई चाहिने सबै प्रकारका पूर्वाधारका लागि सहुलियत वैदेशिक ऋण वा अनुदान नभई हुँदैन। यसका लागि आफ्ना आयोजनाहरू समयमैं सम्पन्न गर्ने पद्धतिको विकास र क्षमता वृद्धि गरेर प्राप्त स्रोतको धेरैभन्दा धेरै उपयोग गर्नुपर्ने बेला आएको छ। नेपालले अहिले पनि आफू अल्पविकसित भएकोले व्यापकरूपमा अनुदान परिचालन गर्न पनि निरन्तर प्रयास चाल्नुपर्ने हुन्छ।

यसरी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम समयमैं पाउन सक्ने सहुलियत ऋण र अनुदान लिन सकेनौं भने समय घर्किंदै जाँदा हामीले द्विपक्षीय र बहुराष्ट्रिय संस्थाहरूबाट त्यस्तो सहयोग पाउने सम्भावना टरिसकेको हुन्छ र हाम्रो विकासका लागि महँगो ऋण परिचालन गर्नुपर्ने हुन सक्छ। कोभिड–१९ पछि नेपालले पाउने अनुदान रकम आशा गरे अनुरूप पक्कै हुनेछैन। नेपालको नीति अझै लगानीमैत्री नभएको र अन्य विविध कारणले गर्दा पूर्वाधारमा देशले आशा गरे अनुसार स्वदेशी र वैदेशिक लगानी नआइरहेका बेला वैदेशिक सहयोगविना हाम्रो दिगो विकासको प्रयास कता जाला ? यो महत्त्वपूर्ण प्रश्न हो। समस्या वैदेशिक सहयोग वा अनुदानको होइन, यसलाई परिचालन गर्ने पद्धतिको विकास र सुशासनको अभाव हो। सबै विकास सहयोगमा पारदर्शिता हुनुपर्छ। यसले जनता र देश दुवैलाई फाइदा हुने कुरामा दुईमत नहोला।

## गाँजासहित........

भिस्वा, जानकीटोला, पाँडेपुर, पिडारीगुठी, महादेवपट्टि र आसवारी भएर भारतका विभिन्न स्थानमा पुऱ्याइन्छ।

**गाँजाको मूल्य**

गाँजा उत्पादन हुने मकवानपुर र धादिङमा अहिले पर्साका तस्करहरूले रु ३ हजारदेखि ३५ सयसम्म प्रतिकिलो गाँजा र ४ हजारदेखि ४५ सय रुपैयाँसम्म प्रतिकिलो चरेस खरीद गर्छन्। यही गाँजा, चरेस पर्सा जिल्लामा आइपुगेपछि यसको मूल्य दोब्बर–तेब्बर हुन्छ। पर्सामा अहिले गाँजा प्रतिकिलो रु ७–८ हजार छ भने चरेस रु १४–१६ हजार प्रतिकिलो छ। यही गाँजा, चरेस भारत पुऱ्याउँदा तस्करहरूले प्रतिकिलो रु १८–२० हजार गाँजा र चरेस रु २४–२५ हजार प्रतिकिलो पाउँछन्। गाँजा, चरेसको तस्करीमा आम्दानी बढेकाले अहिले धेरैजसो मानिस यसतर्फ आकर्षित भएका छन्। जङ्गलको बाटो ढुवानी गर्नेहरूको सङ्ख्या पनि बढ्दो छ। पछिल्लो समयमा महिला र बालबालिकाहरूको पनि प्रयोग भइरहेको छ।



छिपहरमाई गाउँपालिकामा हिलाम्य सडकको दृश्य। वर्षामा गापाको भिस्वादेखि वडा नं ४ तुलसीबर्वा चोकसम्मको सडकखण्ड यसैगरी हिलाम्य हुन्छ भने घाम लागेको बेलामा धूलो उड्ने गर्छ। माटो मात्र बिछ्याइएको तर ग्रेभल नगरिएको कारण यो सडकखण्डको अवस्था जर्जर छ। तस्वीरः सुग्रीव साह

# खेलकूदको संसार

## ओलम्पिकमा सोनियाले रसियाकी इरिनासँग प्रतिस्पर्धा गर्ने

काठमाडौं ७ साउन/रासस

भोलिदेखि जापानको टोकियोमा आयोजना हुने ३२औं ग्रीष्मकालीन ओलम्पिक अन्तर्गत जुडो खेलमा नेपालकी खेलाडी सोनिया भट्टले रसियाकी खेलाडी डोल्गोभा इरिनासँग प्रतिस्पर्धा गर्ने पक्का भएको छ।

बिहीवार सार्वजनिक भएको खेलतालिका अनुसार जुडो खेलाडी भट्टले प्रारम्भिक चरणमा इरिनासँग खेल्ने पक्का भएको हो। उनले ४८ किलो तौल समूहमा इरिनाको सामना गर्नेछिन्। भट्ट विश्व वरीयतामा १२७औं स्थानमा छिन् भने इरिना विश्व वरीयतामा नवौं स्थानमा छिन्। उक्त खेल साउन ९ गते हुनेछ। पदकको ट्टङ्गो पनि सोही दिन लाग्नेछ।

भट्ट वाइल्ड कार्डमार्फत ओलम्पिक खेलमा छनोट भएकी हुन्। उनले नेपालमा आयोजना भएको तेह्रौं दक्षिण एशियाली खेलकूद (साग)मा कास्य पदक जितेकी थिइन्। उनले महिला ४८ किलोमुनि तौल समूहमा नेपाललाई कास्य पदक दिलाएकी थिइन्।

डोपिङ प्रकरणमा प्रतिबन्धमा परेको रूस ओलम्पिक खेलमा देशका रूपमा सहभागी छैन। रसियाका खेलाडीले रूस ओलम्पिक कमिटीको झन्डामुनि रहेर प्रतिस्पर्धा गर्नेछन्।

## दोहरी गाउँका दलितलाई राहत

प्रस, वीरगंज, ७ साउन/

अन्तर्राष्ट्रिय कमिशन फर दलित राइट्स अमेरिकाको आर्थिक सहयोग र पिस फर दलित फाउन्डेशन नेपाल प्रदेश २ पर्साको आयोजनामा बाराको कलैया उपमहानगरपालिका–२ दोहरी गाउँका दलित समुदायलाई खाद्यान्न वितरण गरिएको छ।

लामो समयदेखिको निषेधाज्ञाको कारण दलित समुदाय आर्थिकरूपमा पीडित भएको र उनीहरूको रोजगार



तस्वीरः प्रतीक

पनि गुमेको कारण दलित मजदूरलाई समस्या भएको कुरालाई मध्यनजर गर्दै राहत वितरण गरिएको हो। प्रदेश २ का तीन जिल्लाका अतिप्रभावित गाउँमा खाद्यान्न वितरण गरिएको पिस फर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए।

उनले दोहरी गाउँका विपन्न दलित ५६ घरपरिवारलाई प्रतिपरिवार २० किलो चामल, १ किलो नून, डेढ किलो दाल र मास्क सहयोग गरिएको बताएका छन्।

दलित अगुवा रामेश्वर रामको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष राजेन्द्रकुमार महतो, योगेन्द्र पासवान, परमानन्द राम, सुरेन्द्र पासवान, संयोग राम, अशोक रामलगायतको सहभागिता थियो।

## पुष्पलाल स्मृति दिवस मनाइयो

प्रस, वीरगंज, ७ साउन/

नेकपा एमाले पर्साले ४३औं पुष्पलाल





स्मृति दिवस मनाएको छ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक स्व श्रेष्ठको स्मृतिमा एमाले पार्टी कार्यालय पर्सामा आयोजित आजको सन्दर्भमा पुष्पलालको आवश्यकता विषयक विचार गोष्ठीका सहभागीहरूले आआफ्नो धारणा राखेका थिए।

नेकपा एमाले पर्साका अध्यक्ष प्रभु हजारासहित स्थानीय नेताहरू डा विश्वम्भर शर्मा, बिना शर्मा, जिसस पर्साका उपसभापति ठाकुर न्यौपाने, पत्रकार केसी लामिछाने, श्याम बन्जारालगायतले मन्तव्य व्यक्त गरेका थिए।

## राजस्व कार्यालय पथलैयाद्वारा १ अर्ब राजस्व सङ्कलन

प्रस, जीतपुर, ७ साउन/

राजस्व अनुसन्धान कार्यालय, पथलैयाले एक वर्षमा रु १ अर्ब १६ करोड राजस्व सङ्कलन गरेको प्रमुख अनुसन्धान अधिकृत टङ्कप्रसाद पाण्डेले बताए।

आव २०७७/७८ को साउन–असार एक वर्षमा १२ वटा राजस्व चुहावट तथा १२ वटा विदेशी विनिमय अपचलन कसुर मुद्दामा कारबाई चलाइएको प्रमुख पाण्डेले बताए।

## बैंकिङ सिस्टम ह्याक प्रकरण
## नेपाल राष्ट्र बैंक भन्छ, डराउनुपर्दैन

काठमाडौं, ७ साउन/रासस

नेपाल राष्ट्र बैंकसहित १५ बैंकका बैंकिङ सिस्टम ह्याक गर्ने चेतावनी आएको छ।

बुधवार साँझ राष्ट्र बैंकका प्रवक्ता, सहप्रवक्ता तथा विभिन्न बैंकका उच्च अधिकारीलाई चेतावनीपूर्ण इमेल आएको बताइएको छ।

बुधवार साँझ इमेल आए तापनि बिहीवार बिहानै सिस्टम ह्याक गरी रकम निकाल्ने म्यासेज आएको राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका प्रमुख एवं प्रवक्ता देवकुमार ढकालले जानकारी दिए। उनका अनुसार आफूलाई ह्याकर बताउने समूहले राष्ट्र बैंकसहित १५ वाणिज्य बैंकको सिस्टम ह्याक गरी रकम निकाल्ने म्यासेज भाइबर र म्यासेन्जरमा प्राप्त भएको थियो।

"मलाई भाइबर र म्यासेन्जरमा यस्तो म्यासेज प्राप्त भएको थियो, हामीले हाम्रो (नेपाल राष्ट्र बैंकको) र बैंकहरूको सिस्टम चेक गर्‍यौं, हाम्रो सिस्टम सुरक्षित छ, ह्याक भएको छैन, डराउनुपर्ने अवस्था छैन"–उनले भने–"यो कार्य कानूनीरूपमा दण्डनीय हो, त्यसमाथि कारबाई हुन्छ।"

उनका अनुसार इमेल र कल गर्ने व्यक्तिको विषयमा थप अनुसन्धान भइरहेको छ तर कसले त्यस्तो म्यासेज पठायो भन्ने विषयमा हालसम्म केही खुलेको छैन।

कसैले धम्क्याउने प्रयोजनका लागि पनि उक्त इमेल र फोन गरेको हुन सक्ने आशङ्का गरिएको बैंकका अधिकारीहरू बताउँछन्।

ह्याकरले पठाएको भनिएको म्यासेजमा नेपाल राष्ट्र बैंक, कुमारी बैंक, नेपाल बैंक, नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे बैंक, एनएमबी बैंक, एनआइसी एशिया बैंक, बैंक अफ काठमाण्डू, सिटिजन्स बैंक इन्टरनेशनल, सानिमा बैंक, नेपाल एसबिआई, एभरेष्ट, नेपाल इनभेष्टमेन्ट र हिमालय बैंकको नाम उल्लेख गरी ती बैंकको सिस्टम ह्याक गरेर रकम निकालिने बताइएको छ।

म्यासेजमा सन्देशलाई हलुका रूपमा नलिन ह्याकरले चेतावनी पनि दिएको छ।

## पूर्वप्रम भट्टराईको पुतला दहन

प्रस, वीरगंज, ७ साउन/

विश्वहिन्दू परिषद् नेपालले वीरगंजमा प्रदर्शन गर्दै पूर्वप्रधानमन्त्री बाबुराम



तस्वीर : प्रतीक

भट्टराईको पुतला दहन गरेको छ।

माईस्थानबाट र्‍याली निकालेर घण्टाघरमा आएपछि पूर्व प्रम भट्टराईको पुतला दहन गरिएको थियो। केही दिनअघि भट्टराईले दिएको अभिव्यक्तिले हिन्दू धर्ममाथि कटाक्ष भएको भन्दै परिषद्का कार्यकर्ताहरूले अभिव्यक्तिविरुद्ध कारबाईको माग गरेका थिए।

सङ्घ पर्साका अध्यक्ष ललनप्रसाद द्विवेदीको अध्यक्षतामा भएको कार्यक्रममा ओमप्रकाश साह, कृष्णमोहन सहाय, पण्डित पुरुषोत्तम दुबे, डा अनिल झा, धर्मेन्द्र पटेललगायतको सहभागिता थियो।

## करेन्ट लागेर मजदूरको मृत्यु

प्रस, वीरगंज, ७ साउन/

वीरगंज महानगर–२४ स्थित मोहित फुड प्रोडक्ट प्रालिका मजदूरको करेन्ट लागेर मृत्यु भएको छ।

सोयाबिन उत्पादन गर्ने सो कारखानामा कार्यरत जीराभवानी गाउँपालिका–३ सहजनपुर बस्ने ३५ वर्षीय पद्मदेव चौधरीको स्ट्यान्ड पङ्खामा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ। सो पङ्खाको तार नाङ्गो भएको र जडान गर्ने क्रममा करेन्ट लागेर चौधरीको मृत्यु भएको प्रहरीले बताएको छ।

## बढी भाडा असुल्ने छवटा सवारीसाधन कारबाईमा

प्रस, वीरगंज, ७ साउन/

२ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैया, बाराले बुधवार असार ६ गते छवटा सवारीसाधनलाई यात्रीसँग बढी भाडा असुलेको कसूरमा कारबाई गरेको छ।

सूचना अधिकृत प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले चारवटा बस र दुईवटा हाइस गाडीमा सवार ४९ जना यात्रीको रु २ हजार ९ सय १० बढी भाडा फिर्ता गराएको र छवटै सवारीसाधनलाई जनही रु एक हजार पाँच सय जरिवाना गरिएको बताएका छन्। तीनवटा सवारीसाधनलाई मातहतको जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाले कारबाई गरेको उनले बताए।

### ६0 हजारले .......

गुनासो गरे। "अगाडिबाट नभने पनि गैंडा चोर्न गएछ, १५ वर्ष जेल बसेर फर्किएको छ भनेर भन्छन्," उनले गुनासो गर्दै भने, "चोरीमा गएको पनि हो, जेल पनि बसेकै हो, तर तारन्तर भनिरहँदा दिक्क लाग्छ।"

भूकम्प प्राधिकरण र चेपाङ आवास कार्यक्रमले भत्किएको घर बनाइदिएपछि त्यही घरमा उनले व्यवसाय शुरू गरेका छन्। जग्गा धितो राखेर रु २० लाख ऋण लिएर व्यवसाय थालेका प्रजा विगतलाई भुल्ने प्रयास गर्दै भेट हुनेहरूलाई आपराधिक गतिविधिमा नलाग्न र संरक्षणमा जुट्न सुझाव दिन्छन्। आफ्नो गाउँको सामुदायिक वनलाई संरक्षण गरेर विगतको पापलाई पखाल्ने सोचमा उनी छन्।

### करोडौंको.........

तथा व्यापार कम्पनी लिमिटेड वीरगंजले आफ्नो परिसर खाली गराउन र जस्तापाता लैजान कर्पोरेशनलाई पटकपटक पत्राचार गरेको थियो।

कार्यालयका सूचना अधिकृत मुनीलाल कुशवाहाले खाद्य व्यापार एवं साल्ट ट्रेडिङ एउटै मन्त्रालय अन्तर्गत रहेकाले जस्तापाता यहाँ भण्डारण गर्न अनलोड गरिएको बताए।



